# देवताल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## पिप्राढीगोठ,बारा

प्रकाशित मितिः०७६/१०/१७

यस गाउँपालिकाले देहाय बमोजिमको माछापोखरी ठेक्का आ.व. ०७६/०७७ देखी ०८०/०८१ सम्म पाँच वर्षको लागि बन्दोबस्त गर्नु पर्ने भएकोले तपसिलका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ती तथा फर्म सुचना प्रकाशित मितिले ३० दिन भित्र रितपुर्वक गोप्य बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | वडा नं | टोल | किता नं | क्षेत्रफल | ठेक्काको न्यूनतम अङ्क | अक्षरमा न्यूनतम अङ्क अक्षरमा | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| ०१/०७६/०७७ | २ | पश्चिम टोल झिटकैया | साविक गा.वि.स दक्षिण झिटकैया वडा नं-५ को किता नं-२७२ | १-१९-० | १६,००,००० | सोह्र लाख | ३०००। |

१. बोलपत्र दाताले खामको बाहिर पट्टी ठेक्काको नम्बर,नाम र देवताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पिप्राढीगोठ,बारा भेने प्रष्ट लेखनुपर्नेछ।

२. बोलपत्र फारम यस कार्यालयबाट माथि उललेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरि यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ।

३. बोलपत्र दाखिला गर्ने फर्मको हकम स्थायी लेखा नम्बरको प्रमाणपत्र,आ.व ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी अनिवार्य गर्नु पर्नेछ।

४. बोलपत्रको साथ आफुले कबुल गरेको अङ्कको ५ (पाँच) प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक देवताल शाखामा रहेको हिसाब नं००२१५३६९६६० को धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारि गरेको ९० दिन सम्म म्याद भएको बिड बण्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ।

५. सुचना प्रकाशित भएको ३१ औं दिनमा दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गराइ सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबारमा बोलपत्र खोलिनेछ। उक्त दिन विदा परेमा सो पछी लगतै कार्यालय खुलेको दिन सोही समयमा सो

राजिव कुमार यादव
नि० प्रमुख प्रशासकिय अधिकृत

कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्र दाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै कसिमको बाधा पर्ने छैन्।

६. बोलपत्र स्वीकृत भएको सात दिन भित्र बोलपत्रदाता सम्झौता कबुलियतनामा को लागि पहिलो किस्ता वापतको रकम नगदै यस कार्यालयको आन्तिर्क आय जम्मा गर्ने खातामा दाखिला गरेको सक्कलै बैंक भौचर र बाकी रकमको हकम बैंक ग्यारेण्टी ( परफरमेन्स बण्ड ) तथा सो वापतको जग्गा जमानतपत्र पेश गरेपछि मात्र कबुलियतनामा गराई पट्टा चलानी पुर्जी उपलब्ध गराईनेछ।

७. ठेकदारले एकमुष्ट कबोल अङ्क दाखिला गरेमा कबोल अङ्कको १० प्रतिशत रकम छुट दिईनेछ।

८. ठेकेदारले ठेक्का स्वीकृत भएको कबोल अङ्क कुल पाँच किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता सम्झौताका बखत र अन्य बाकी किस्ता वापतको रकम कुल चार भाग गरी हुन आउने रकम प्रत्येक जेष्ठ मसान्त भित्र एक किस्ता दाखिला गर्नु पर्नेछ।कुल रकम पाँच किस्तामा रकम दाखिला गर्ने ठेक्दारको हकमा बुन्दा नं-६ को शर्त लागु हुनेछ।

९. ठेक्का सम्बन्धी कुनै विवाद भएमा गाउँपालिकाको निर्णयनै अन्तिम हुनेछ

१०. ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको योजना शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

११. यस सुचना उललेख नभएको शर्तहरुको हकमा प्रचलित नेपाल सरकारको कानुन बमोजिम हनेछ।

.....................................

राजिव कुमार यादव

नि.प्रमुख प्रशासकिय अधिकृत

राजिव कुमार याद

नि० प्रमुख प्रशासकिय अधिकृत